नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com

मितिः-२०७७/०७/२५

# सूचना ! सूचना !! सूचना !!!

## "सुरक्षित रहि चाड मनाऔं, जम्मा भेला भई देउसी भैलो नखेलौं"

विश्वव्याधी कोरोना महामारीले हामी पनि आक्रान्त छौं । यो अझ पनि बढ्दो क्रममा नै छ । हाम्रो जिल्ला हाल शुन्य संक्रमित भए तापनि यसको जोखिमबाट भने हामी मुक्त छैनौं ।स्वास्थ्य सुरक्षा र सतर्कता अपनाउनु पर्ने आवश्यकतासँगै हाम्रो अर्को पर्व तिहार नजिकै आईरहेको छ । विकट भूगोल, कमजोर यातायात पहुँच र मौसमी प्रतिकूलताका वीच सवैको सहकार्यमा हामी कोभिड-१९ सँग जुधिरहेको परिप्रेक्ष्यमा आगामी दिन अझै चुनौतीपूर्ण र कठिन रहेको कुरालाई मध्यनजर गरी कोरोना संक्रमणको जोखिमलाई मध्यनजर गर्दै नजिकिँदो पर्वको उल्लासलाई पनि थाति राख्न हामी बाध्य भएका छौं ।यसै बस्तुतथ्यलाई हृदयङ्गम गरी जिल्ला सुरक्षा समितिको यही कार्तिक २३ गते वसेको बैठकले देउसी भैलो खेल्न नदिने निर्णय गरेको छ र सोही बमोजिम गरी गराई सहयोग हुन सवै पालिकाहरुलाई अनुरोध गरी पठाईएको छ । यो रहर नभई वाध्यता भएको र हाम्रो स्वास्थ्य भन्दा प्राथमिक विषय हाल अरु कुनै हुन नसक्ने हुँदा सवै जिल्लावासी आमा बुबा, दिदी वहिनी, दाजूभाईहरुलाई हार्दिक अपिल सहित यस वर्षको तिहार पर्वमा देउसी भैलो नखेल्न नखेलाउन यसै सूचना मार्फत सूचित गरिएको छ । समयको संवेदनशीलतालाई मध्यनजर गरी यो सूचनाको जिल्लाभर परिपालना हुने अपेक्षा गर्दै यसको उल्लघंनमा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ र अन्य प्रचलित नेपाल कानून वमोजिम कारवाही हुने व्यहोरा सधन्यवाद जानकारी गराउँदछौं ।

2077/07/25

ध्रुव गिरी
प्रमुख जिल्ला अधिकारी